महाङ्काल गाउँपालिका
Mahankal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
गोटिखेल, ललितपुर
Gotikhel, Lalitpur
बागमती प्रदेश,नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- ०८२/०८३
चलानी नं/Dispatch No:-

# विविध कार्यक्रम सञ्चालन गर्नको लागि जारी गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३।०२।०७)

महाङ्काल गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रम अनुसार महाङ्काल गाउँपालिका वडा नं. १ मा महिला नेतृत्व विकास तालिमको लागि रु ५०,०००।- (पचास हजार मात्र), महाङ्काल गाउँपालिका वडा नं. २ मा महिला सशक्तिकरण नेतृत्व विकास कार्यक्रमको लागि रु १,५०,०००।- (एक लाख पचास हजार मात्र), महाङ्काल गाउँपालिका वडा नं. ४ मा महिला तथा बालबालिका विविध कार्यक्रम सञ्चालनका लागिर रु १,५०,०००।– (एक लाख पचास हजार मात्र) महाङ्काल गाउँपालिका वडा नं. ५ मा महिला नेतृत्व विकास तालिमका लागि १,००,०००।– (एक लाख मात्र), महाङ्काल गाउँपालिका वडा नम्बर ६ अन्तर्गत महिला उद्यमशीलता डल्लो साबुन मैनबत्ती काठेको धूप बनाउन तालिम शीर्षकमा १,५०,०००।– (एक लाख पचास हजार मात्र) विनियोजन भएकाले सो कार्यक्रम सञ्चालनको लागि यस महाङ्काल गाउँपालिका कार्यालयमा सूचिकृत भएका संघ संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले ०७(सात) दिन भित्र यस कार्यालयमा प्रस्ताव पेस गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

प्रस्ताव पेस गर्न संस्थाको योग्यता

- कानूनी रूपमा दर्ता भएको र हरेक बर्ष नियमित नविकरण गरेको हुनुपर्ने।
- संस्थाको आफ्नो कार्यालय र आधिकारीक सम्पर्क नम्बर, इमेल ठेगाना भएको हुनुपर्ने।
- संस्था यस स्थानीय तहमा सूचिकृत भएको हुनुपर्ने।
- संस्थासँग महिला तथा बालबालिकाको क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव र नियमित लेखा परिक्षण गरेको हुनुपर्ने।
- वडा नं. ६ को कार्यक्रमको हकमा तालिम सञ्चालनको लागि नियमानुसार कागजपत्र पेस गर्नुपर्ने।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

संस्थाले पेस गर्नुपर्ने कागजपत्रहरु

- संस्थाको दर्ता तथा नवीकरण प्रमाणपत्रका प्रतिलिपिहरू।
- संस्थाको विधानको प्रतिलिपि।
- गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन।
- कार्य अनुभवका प्रमाणित पत्रहरू।
- संस्थाको आधिकारिक सम्पर्क नम्बर र इमेल ठेगाना।
- यस स्थानिय तहमा सूचिकृत भएको प्रमाण।

सञ्चालन गर्नुपर्ने कार्यहरू

१. **नेतृत्व तथा व्यक्तित्व विकास तालिम**
   - नेतृत्वका गुण र भूमिका
   - निर्णय क्षमता विकास
   - सार्वजनिक बोल्ने कला (Public Speaking)
   - आत्मविश्वास अभिवृद्धि

२. **महिला अधिकार तथा कानुनी सचेतना कार्यक्रम**
   - नेपालको संविधानमा महिला अधिकार
   - घरेलु हिंसा, बालविवाह, लैङ्गिक हिंसा सम्बन्धी कानुन
   - न्यायमा पहुँच सम्बन्धी जानकारी

३. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) तालिम**
   - लैङ्गिक विभेद न्यूनीकरण
   - समावेशी नेतृत्व
   - समुदायमा महिलाको भूमिका

४. **उद्यमशीलता तथा आर्थिक सशक्तीकरण तालिम**
   - साना व्यवसाय सञ्चालन
   - वित्तीय साक्षरता
   - बचत तथा सहकारी व्यवस्थापन
   - आयआर्जनमूलक सीप विकास

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

महाङ्काल गाउँपालिका
Mahankal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
गोटिखेल, ललितपुर
Gotikhel, Lalitpur
बागमती प्रदेश,नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- ०८२/०८३
चलानी नं/Dispatch No:-

५. स्थानीय शासन तथा महिला सहभागिता अभिमुखीकरण
- गाउँसभामा सहभागिता
- योजना तर्जुमा प्रक्रिया
- बजेट तथा कार्यक्रम अनुगमन

६. सञ्चार तथा समन्वय क्षमता विकास तालिम
- प्रभावकारी संवाद कला
- बैठक सञ्चालन सीप
- समूह परिचालन

७. महिला विरुद्ध हुने हिंसा न्यूनीकरण अभियान
- सचेतना र अन्तरक्रिया कार्यक्रम
- विद्यालय तथा समुदायस्तरीय अभियान
- पुरुष सहभागितासहित संवाद कार्यक्रम

८. सफल महिला नेतृसँग अन्तरक्रिया कार्यक्रम
- प्रेरणादायी अनुभव आदान– प्रदान
- रोल मोडल प्रस्तुति

वडा नं. ६ को कार्यक्रमको हकमा तोकिएको कार्यक्रम/तालिम सञ्चालन गर्नु पर्नेछ।
माथि उल्लेखित कार्यक्रम मध्ये प्रत्येक वडामा कम्तिमा २ वटा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(नोटः- यस कार्यक्रममा साझेदारी गर्ने संस्थाहरुलाई कार्यक्रम सञ्चालनको लागि विशेष प्राथमिकता दिइनेछ।)

थप जानकारीको लागि
सुरेश कुमार बराल
शाखा प्रमुख
९८४३०२८१९५

.....................
सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत